M14/1/AXNEP/SP1/NEP/TZ0/XX

22140143

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A: LITERATURE – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A : LITTÉRATURE – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A: LITERATURA – NIVEL MEDIO – PRUEBA 1**

Friday 9 May 2014 (morning)
Vendredi 9 mai 2014 (matin)
Viernes 9 de mayo de 2014 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a guided literary analysis on one passage only. In your answer you must address both of the guiding questions provided.
- The maximum mark for this examination paper is *[20 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez une analyse littéraire dirigée d'un seul des passages. Les deux questions d'orientation fournies doivent être traitées dans votre réponse.
- Le nombre maximum de points pour cette épreuve d'examen est *[20 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un análisis literario guiado sobre un solo pasaje. Debe abordar las dos preguntas de orientación en su respuesta.
- La puntuación máxima para esta prueba de examen es *[20 puntos]*.


© International Baccalaureate Organization 2014

https://xtremepape.rs/

*कुनै **एक** उद्धरणको मात्र साहित्यिक विश्लेषण लेख्नुहोस् । तपाईंका उत्तरले तल दिइएका दुईवटा निर्देशित प्रश्नहरूलाई सम्बोधन गरेको हुनुपर्छ :*

**1.**

यमुनाका कुरा सुन्दा म उनका कथाको पात्र झैं भएर कथासँगसँगै बग्छु, डुब्छु र तृप्त हुने प्रयत्न गर्छु । मनको कल्पनालोकमा उनको ठाउँमा म प्रतिस्थापित हुन्छु । त्यसैले उनका कुरा सुन्न प्रत्येक दिन म आतुर हुन्छु । उनी पनि खुलेर सबै कुरा सुनाउँछिन् :

हामी सौतासौता भए पनि दिदीबहिनी झैं एउटै खाटमा सुत्छौं । उहाँको खोपी र हाम्रो खोपी जोडिएको छ । उहाँ एक्लै आफ्नो खोपीमा सुत्नुहुन्छ । हामी दिनदिनै पालो गरेर सेवा गर्न जान्छौं ।

एक दिन दिदीको पालो थियो, उहाँको सेवा गर्ने । दिदी दिउरीमा मनतातो तेल लिएर गइन् । अरू दिनभन्दा पनि चाँडै फर्किइन् त्यो रात । फर्कंदा दिउरीभरि मनतातो तेल र आँखाभरि मनतातो आँसु लिएर फर्किइन् । सोचें- आज झन् चाँडै फर्काइदिनुभएछ, सेवा पनि गर्न नदिई ।

दिदी ओछ्यानमा घोप्टो परेर सुँक्कसुँक्क रुन थालिन् । म के भनौं ? उनीप्रति दया लागेर आयो । यति चाँडै उनले न कहिल्यै फर्किनुपरेको थियो न कहिल्यै यसरी रोएकी थिइन् । बिचरा ! जाने बित्तिकै फर्कनुपऱ्यो । मैले केही बोल्नै सकिनँ । तर, कताकता मनभने भित्रभित्रै सन्तुष्ट भए झैं भयो । मान्छेको मन कस्तो होला ? दया र सन्तुष्टि एकैपटक छल्किएर मेरो मन भिज्यो ।

मैले बिस्तारै सोधें- 'के भो दिदी ?'

ती बोलिनन् । मानौं मैले नै तिनलाई रुवाएको हो जस्तो गरिन् । सुनसान रातमा बोल्दा पल्लो खोपीमा उहाँले सुन्नुहुन्छ भन्ने डरले म केही बोलिनँ ।

दिउँसो मात्र दिदीको चिन्तित र मलिन अनुहार देखेर पक्कै पनि दुलहाको प्रेम नपाएर यिनी यस्ती भइन् भन्ने सोचें । किनभने, उनलाई धेरैपटक यसरी फर्काइदिनुभएको छ । दिदीका आँखामा आँसु देखेर मैले भनें- 'दिदी ! नरुनुस् । तपैंले नि मयाँ देखाउन जान्नुभन कि ? लोउनीमुन्छेको जात । तिन्लाई बढी सेवा अर्नुपर्छ, पिरिम अर्नुपर्छ । फकाम्नुपर्छ । मान र सम्मान बढी खोन्नी जात, पूरै समर्पित भर झुक्नु नि पर्छ ।'

यति भन्दा दिदीले पुलुक्क मेरो अनुहारमा हेरिन् । केही बोलिनन् । जति बोल्नु तिनको अनुहारले बोलेको थियो । सबैभन्दा बढी आँखाले । इर्ष्या, कुण्ठा र आवेश बोलेको थियो । मैले फेरि भनें-'वाँले तपैंलाई नि उत्तिकै पिरिम अरेको देख्न चाअन्छु म । हामी दुवै बराबर हुम् वाँका लाइ ।'

त्यसपछि तिनले मतिर आँखा पिर्लिक्क पारेर हेरिन् । इर्षित भावमा भनिन्- 'मुखाँ रामराम बगलीआँ छुरा !'

उनको भनाइले जति खिन्न हुनुपर्ने हो म त्यति खिन्न भइनँ । त्यो अवस्थामा त्यति भन्नु स्वाभाविकै हो ।

अमर न्यौपाने, *सेतो धरती*, २०६९ ।

(क) उपन्यासको उक्त उद्धरणमा नारीको कस्तो अवस्थाको चित्रण गरिएको छ ?

(ख) विषय प्रस्तुत गर्नका निम्ति उपन्यासको उक्त उद्धरणको भाषा किन प्रभावकारी भएको छ ?



https://xtremepape.rs/

**2.**

जरा जमिनमा गडेर
हाँगाहरू टाढा-टाढा फैलिनुपर्छ
हाँगाले टाढा-टाढाका
अनुभूतिहरूको श्रेय जरालाई दिनुपर्छ
जरा अलि परम्परावादी भएर
आफ्नो माटो सर्न हुन्न
हाँगाहरू आधुनिकताको नाममा
आफ्नोपन मर्न हुन्न
हाँगाहरू अनन्त फैलिएर
स्वर्ग जाने सिंढी बन्नुपर्छ
हाँगाहरू धरतीको आकाश छुने
महत्वाकाङ्क्षा भएर बाँच्नुपर्छ
जरालाई आफू झन-झन तल जानुपरेकोमा
ग्लानि होइन गर्व हुनुपर्छ
जरालाई आफ्नो तल्लोपनले
हाँगाको माथिल्लोपन
सुनिश्चित भएकोमा पर्व हुनुपर्छ
बिहानको पहिलो घाममा
कोपिलाहरू मुस्कुराउँदै फक्रनुपर्छ
बिहानको पहिलो हावामा
फूलहरू उत्साहमा नाच्नुपर्छ
असीम सुवासको सामिप्यमा
हाँगाहरू
पातभरिको अँजुलीमा फूल लिई
आनन्दले झुक्दै
जरालाई अभिवादन गर्नुपर्छ
जरा पनि प्रत्युत्तरमा
शाखाप्रशाखा फैलिएर
कृतज्ञताले धरतिमुनि
विनम्रतामा गड्नुपर्छ

रोशन शेरचन, “हाँगा : स्वर्ग जाने सिँढी” *शब्दहरूको देश*, २०५३ ।

(क) यस कवितामा व्यक्त सन्देश प्रति तपाईंको धारणा कस्तो छ ?

(ख) यस कवितामा प्रयोग भएका प्रतीकले कविताको भावलाई कसरी प्रभावकारी बनाएका छन् ?



https://xtremepape.rs/